नेपालसरकार

# शिक्षामन्त्रालय

छात्रवृत्तिशाखा

केशरमहल

## छात्रवृत्ति छनोट परीक्षाका लागि आवेदनसम्बन्धी सूचना

(गेरखापत्रमा प्रथम पटक सुचना प्रकाशित मितिः२०७१।६।२९)

नेपाल सरकारलाई स्वदेश तथा विदेशबाट प्राप्त हुनआउने विज्ञान (Biology) विषय लिई 10+2 वा सोसरह उत्तीर्ण न्यूनतम योग्यता कायम हुने Undergraduate Level (Biology Group) का MBBS, BDS, BSc Nursing, BPH, B. Pharmacy, BMLT, BAMS, BSc Forestry लगायतका विषयहरूमा निःशुल्क, आंशिक तथा स-शुल्क छात्रवृत्तिमा अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुरा गरेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ।

यस सूचना बमोजिम प्रकाशित हुने योग्यताक्रमबाट त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूमा November Session, 2014 र काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूमा August Session 2015, तथा योग्यताक्रम कायम भए पश्चात (काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूमा August Session 2014 मा मनोनयन हुनेबाहेक) अन्य शिक्षण संस्था, देश, निकायबाट प्राप्तहुने छात्रवृत्तिमा समेत विद्यार्थीहरू मनोनयन गरिने छ ।

यस मन्त्रालयलाई प्राप्त हुने छात्रवृत्ति मध्ये पैंतालीस प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका देहायका विपन्न समुदाय तथा व्यक्तिलाई नियमानुसार आरक्षण गरी सो प्रतिशतलाई सतप्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिने छः

क) आर्थिक वा सामाजिक रूपमा विपन्नका लागि ................................................२५% मध्ये
- १) मधेशी समुदायका लागि ................................................ २०%
  - १क) मधेशी समुदायका लागि आरक्षित २०% मध्ये मधेशी दलित समुदायका व्यक्तिलाई ....३%
- २) मुस्लिम समुदायका लागि ................................................२%
- ३) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको सन्ततिका लागि ....................३%

ख) महिलाको लागि ................................................३३%मध्ये
- १) दलित समुदायका महिलाका लागि ................................................३%
- २) मुस्लिम समुदायका महिलाका लागि ................................................२%

ग) अपाङ्गको लागि ................................................२%

घ) जनजातिको लागि ................................................२७%

ड.) दलितको लागि ................................................९%

च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिको लागि ................................................४%

तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिनेछ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ ।

### १.आवेदनका लागि आवश्यक योग्यताः

**(क) General Group (साधारण समूह):**

(१) 10+2 वा सो सरहको परीक्षामा Physics, Chemistry, Biology विषय लिई उक्त प्रत्येक विषयहरूमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरी कूल पूर्णाङ्कमा समेत कम्तीमा ५० प्रतिशत अङ्कका साथ उत्तीर्ण भई Transcript प्राप्त गरेको हुनुपर्ने छ वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गतको प्रमाणपत्र वा डिप्लोमा तहमा कूल पूर्णाङ्कको कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उच्च माध्यमिक शिक्षा परिषद् (10+2) द्वारा निर्धारित Bridge Course (Physics,

Chemistry, Biology विषय लिई उल्लिखित विषयहरूमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने) उत्तीर्ण भई Marks Sheet र Certificate प्राप्त गरेको हुनुपर्ने छ ।

(२) नेपाल बाहिरको बोर्डबाट Grade-12 वा सो सरह उत्तीर्ण गरेको भए सम्बन्धित बोर्डबाट जारी गरिएको Marks Sheet कासाथ Pass Certificate/ Degree awarded certificate / Provisional Certificate / Migration Certificate र समकक्षता (Equivalent) निर्धारण भएको पत्र प्राप्त गरेको हुनुपर्ने छ ।

(३) नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गरेको हुनुपर्ने छ।

(४) शैक्षिक योग्यताको प्रमाण पत्रहरूमा सम्बन्धित बोर्डले प्रतिशत नखुलाएको भए Grade-12 वा सो सरह उत्तीर्ण गरेको Marks Sheet का आधारमा देहाय बमोजिम अङ्क गणना गर्नुपर्ने छ। यसरी अङ्क गणना गर्दा कूल पूर्णाङ्कमा कम्तीमा ५० प्रतिशत अङ्क र Physics, Chemistry, Biology प्रत्येक विषयमा समेत न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने छ।

- अनिवार्य विषय (Compulsory Subject), ऐच्छिक विषय (Optional Subject) र अतिरिक्त विषय (Additional Subject) का रूपमा विषय नछुट्याइएको भए Marks Sheet मा उल्लेख भएका सबै विषयको अङ्क गणना गर्नुपर्ने छ। (Central Board of Secondary Education, India / Council for Indian School Certificate Examinations, New Delhi लगायतका बोर्डहरू।)
- अनिवार्य विषय (Compulsory Subject), ऐच्छिक विषय (Optional Subject) र अतिरिक्त विषय (Additional Subject) का रूपमा छुट्याइएको भए अनिवार्य विषयहरू (Compulsory Subject) र ऐच्छिक विषयहरू (Optional Subject) को मात्र अङ्क गणना गर्नुपर्ने छ। (Bihar Intermediate Education Council / Bihar School Examination Board, Patna लगायतका बोर्डहरू।)
- प्रमाण पत्रमा कूल पूर्णाङ्क र कूल प्राप्ताङ्क मात्र उल्लेख गरेको भए सोही आधारमा कूल प्रतिशत निर्धारण गर्नुपर्ने छ। (माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश/ Department of Government Examinations, Chennai / Board of Intermediate Education, A.P. / Department of Pre-University Education, Karnataka लगायतका बोर्डहरू।)
- A Level लगायतका उपाधिको Grade Point लाई प्रतिशतमा रूपान्तर (Percentage Convert) गर्दा प्रति विषय १०० पूर्णाङ्क तथा प्राप्ताङ्क Grade A= 90%, B= 80%, C=70% का आधारमा गर्नुपर्ने छ।
- CTEVT अन्तर्गतका आवेदकले कूल प्रतिशत गणना गर्दा प्रमाण पत्र वा डिप्लोमा तहको Transcript का आधारमा र Physics, Chemistry, Biology विषयको अङ्क गणना गर्दा Bridge Course को Marks Sheet का आधारमा अङ्क गणना गर्नुपर्ने छ।

## आरक्षणतर्फ:

## (ख) Community School Group (सामुदायिक विद्यालय तर्फको आरक्षण समूह)

(विपन्नताको सिफारिस, सामुदायिक (सरकारी) विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेस गर्नसक्ने उम्मेदवारका लागि।)

यस समूहमा आवेदन गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेत प्राप्त गरेको हुनुपर्ने छ।

(१) एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने छ।

(२) सम्बन्धित गाउँ विकास समिति वा नगर पालिकाले विपन्नताको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ख. अनुरूपको ढाँचामा मिति २०७१ असोज २८ गते पछि जारी गरेको विपन्नताको सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने छ ।

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायको सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने छ:

(क) **अपाङ्गले** राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस र दर्तावाल चिकित्सकबाट निज Medicine विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस पत्र,

(ख) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र, (आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत जातिहरूमात्र)

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र, (राष्ट्रिय दलित आयोगबाट सूचीकृत जातिहरू मात्र)

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास भएको व्यहोरा उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सोही स्थानमा हालसम्म स्थायी बसोबास गरेको व्यहोरा खुलाई मिति २०७१ असोज २८ गते पछि जारी गरेको सिफारिस पत्र । (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला मात्र)

(ङ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

(च) मुस्लिम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

(छ) बेपत्ता पारिएका व्यक्ति तथा सहिद (जनयुद्ध, संवत् २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत मुलुक भित्र भएका सबै क्रान्तिको क्रममा बेपत्ता पारिएको वा सहिद) परिवारको एकाघरका सदस्य र जनआन्दोलन- २ का आजीवन अङ्गभङ्ग घाइते (न्यूनतम ५० प्रतिशत घाइते हुनुपर्ने) का सन्ततिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

### (ग) Other School Group (अन्य विद्यालय तर्फको आरक्षण समूह)

(नेपाल भित्रका सामुदायिक विद्यालय बाहेकका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरी आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाण पेश गर्नसक्ने उम्मेदवारहरू र सामुदायिक (सरकारी) विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेको भएता पनि जिल्ला शिक्षा कार्यालयको पत्र र तोकिएको ढाँचामा तोकिएको मिति भित्र प्रदान गरिएको विपन्नताको सिफारिस पत्र पेस गर्नसक्ने तर आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाण मात्र पेस गर्न सक्ने अन्य उम्मेदवारहरूका लागि)

यस समूहमा आवेदन गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेत प्राप्त गरेको हुनुपर्ने छ।

(४) आफू सम्बन्धित आरक्षित समुदायको व्यक्ति भएको प्रमाणित हुनेगरी माथि बुँदा नं.१ (ख) ३ बमोजिमको सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने छ ।

आरक्षण तर्फ आवेदन गर्ने सबै उम्मेदवारलाई स्वतः **General Group** (साधारण समूह) मा समेत समावेश गरिने छ ।

## २. दरखास्त सम्बन्धी व्यवस्था:

मिति २०७१ कर्तिक ५ गतेदेखि मिति २०७१ कार्तिक १९ गतेसम्म यस मन्त्रालयको वेबसाइट www.moe.gov.np वा http://scholarship.moe.gov.np मा अनलाइनबाट दरखास्त दिन सकिने छ ।

झुट्टा विवरण पेस गरी दरखास्त दिएको पाइएमा निजलाई दुई वर्षसम्म छात्रवृत्ति छनौट परीक्षामा दरखास्त दिनको लागि अयोग्य हुनेगरी सूचीकृत गरिने भएको हुँदा आवेदन गर्दा आफ्नो यथार्थ विवरण मात्र उल्लेख गर्नुहोला ।

## ३. प्रवेश पत्र बुझिलिन आउँदा अनिवार्य रूपमा पेस गर्नुपर्ने कागजात:—

प्रवेश पत्र बुझिलिन आउँदा देहायका कागजातहरू सिलसिलेवार रूपमा फाइलमा राखी फाइल बाहिर आफ्नो Online Registration No. र नाम थर उल्लेख गरी छात्रवृत्ति शाखा, केशरमहलमा बुझाउनु पर्ने छ ।

### (क) General Group (साधारण समूह):

(१) 10+2 वा सो सरह उत्तीर्ण गरेको Transcript को प्रतिलिपि । नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको Marks Sheet का साथ Pass Certificate/ Degree awarded certificate/ Provisional Certificate / Migration Certificate र समकक्षता (Equivalent) निर्धारण भएको पत्रको प्रतिलिपि । CTEVT अन्तर्गतका संस्थाहरूबाट प्रमाण पत्र तह वा डिप्लोमा तह उत्तीर्ण गरेको Transcript को प्रतिलिपि तथा उ.मा.शि.प. द्वारा निर्धारित Bridge Course उत्तीर्ण गरेको Marks Sheet र Certificate को प्रतिलिपि ।

(२) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(३) राष्ट्रिय वाणिज्य बैंक, ठमेल शाखा वा छात्रवृत्ति शाखा, केशरमहल परिसरमा रहेको बैंक काउन्टरमा राजस्व बापत रू.१०००।- बुझाएको सक्कल भौचर । Online Registration Number प्राप्त गरेका आवेदकहरूले राजस्व बापतको रकम आवेदन खुला गरिएको दिनदेखि प्रवेश पत्र वितरण मिति सम्ममा दाखिला गर्न पाउने व्यवस्था गरिएको छ ।

### (ख) Community School Group (सामुदायिक विद्यालय तर्फको आरक्षण समूह)

यस समूहका आवेदकले उल्लिखित General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजातहरू समेत पेस गर्नुपर्ने छ ।

(४) सम्बन्धित गाउँ विकास समिति वा नगर पालिकाले विपन्नताको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ख. अनुरूपको ढाँचामा मिति २०७१ असोज २८ गते पछि प्रदान गरेको सिफारिस पत्रको प्रतिलिपि ।

(५) एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्रको प्रतिलिपि ।

(६) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुनेगरी तोकिएको निकायले प्रदान गरेको सिफारिस पत्रको प्रतिलिपि ।

(क) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस र दर्तावाल चिकित्सकबाट निज Medicine विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस पत्र,

(ख) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र, (आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा सूचीकृत जातिहरूमध्ये कुन जातिको हो सो खुलाएको पत्र)

(ग) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र, (राष्ट्रिय दलित आयोगबाट सूचीकृत जातिहरूमध्ये कुन जातिको हो सो खुलाएको पत्र)

(घ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास भएको व्यहोरा उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्र र सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सोही स्थानमा हालसम्म स्थायी बसोबास गरेको व्यहोरा खुलाई मिति २०७१ असोज २८ गते पछि प्रदान गरेको सिफारिस पत्र ।

(ङ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

(च) मुस्लिम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

(छ) वेपत्ता पारिएका व्यक्ति तथा सहिद (जनयुद्ध, सम्वत् २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन लगायत मुलुकभित्र भएका सबै क्रान्तिको क्रममा वेपत्ता पारिएको वा सहिद) परिवारको एकाघरका सदस्य र जनआन्दोलन-२ का आजीवन अङ्गभङ्ग घाइते (न्यूनतम ५० प्रतिशत घाइते हुनुपर्ने) का सन्ततिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र।

(७) एस.एल.सी. को Marks Sheet को प्रतिलिपि ।

**(ग) Other School Group (अन्य विद्यालय तर्फको आरक्षण समूह)**

यस समूहका आवेदकले उल्लिखित General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजातहरू समेत पेस गर्नुपर्ने छ ।

(४) आफू सम्बन्धित आरक्षित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुँदानं. १(ख)३ बमोजिमको सिफारिस पत्रको प्रतिलिपि ।

**प्रवेश पत्र प्राप्त गर्न उल्लिखित सम्पूर्ण कागजातहरूको सक्कल प्रति समेत साथै ल्याउनु पर्ने छ ।**

**प्रवेश पत्र लिँदाका बखत तोकिएका सबै कागजात पेस गर्न सक्ने उम्मेदवारलाई मात्र योग्यताक्रममा राखिने छ ।**

## ४. प्रवेश पत्र वितरण

| अनलाइन रजिस्ट्रेसन नम्बर | वितरण मिति | समय | स्थान | आवश्यक कागजात |
|---|---|---|---|---|
| १ देखि १००० सम्म | २०७१ कार्तिक २५ गते | अपरान्ह १:०० बजेदेखि | छात्रवृत्ति शाखा, केशरमहल | प्रवेश पत्र प्राप्त गर्न अनिवार्य रूपमा पेस गर्नुपर्ने बुँदानं. (३) बमोजिमका कागजातहरू । |
| १००१ देखि २००० सम्म | २०७१ कार्तिक २६ गते | | | |
| २००१ देखि ३००० सम्म | २०७१ कार्तिक २७ गते | | | |
| ३००१ देखि ४००० सम्म | २०७१ कार्तिक २८ गते | | | |
| ४००१ देखि ५००० सम्म | २०७१ कार्तिक ३० गते | | | |
| ५००१ देखि ६००० सम्म | २०७१ मंसिर १ गते | | | |
| ६००१ देखि ७००० सम्म | २०७१ मंसिर २ गते | | | |
| ७००१ देखि मथि सबै | २०७१ मंसिर ३ गते | | | |

नोटः तोकिएको मितिमा तोकिएका अनलाइन रजिस्ट्रेसन नम्बरका उम्मेदवारहरूको मात्र प्रवेश पत्र वितरण गरिने हुँदा आफूलाई तोकिएको मितिमा अनिवार्य सम्पर्क गर्नुहोला ।

५. परीक्षा मिति र समय :— **२०७१ मंसिर ६ गते शनिबार, अपरान्ह १(एक) बजेदेखि ।**

६. परीक्षा केन्द्र :— अर्को सूचनाबाट जानकारी गराइने छ ।

७. परीक्षाको किसिम:— लिखित (Multiple Choice Question) ।

८. परीक्षाको समय:— दुई घण्टा ।

९. लिखित परीक्षा लिईने विषय तथा अङ्कभार: Physics- 30, Chemistry- 30, Botany- 20, Zoology-20 Marks.

१०.लिखित परीक्षाको पाठ्यक्रम : प्रश्न पत्र यस मन्त्रालयबाट प्रकाशित प्रवेश परीक्षाको पाठ्यक्रममा आधारित हुनेछ ।

११.लिखित परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० हुनेछ । लिखित परीक्षामा प्रत्येक सही उत्तरका लागि १ अङ्क प्रदान गरिने, गलत उत्तरका लागि प्राप्ताङ्कबाट ०.२५ अङ्क घटाइने र एक भन्दा बढी उत्तरमा चिन्ह लगाएमा कुनै अङ्क प्रदान नगरिने तथा प्राप्ताङ्कबाट अङ्क नघट्ने प्रावधान रहेको छ ।

१२. लिखित परीक्षा उत्तीर्ण परीक्षार्थीहरूको प्राप्ताङ्कमा 10+2 वा सो सरहको परीक्षामा प्राप्त गरेको कुल प्रतिशतको पाँच प्रतिशत अङ्क जोड गरी योग्यताक्रम कायम गरिने छ ।

१३. झुट्टा विवरण पेस गरी दरखास्त दिएको पाइएमा वा रीत नपुगेका कागजात पेस गरेमा वा प्रवेश पत्र वितरण बखतमा तोकिएका कागजात पेस गर्न नसक्ने उम्मेदवारको आवेदन जुनसुकै बखत रद्द हुनेछ ।

१४. छात्रवृत्तिमा मनोनयनका लागि उम्मेदवारले छात्रवृत्ति प्रदान गर्ने देश, विश्वविद्यालय वा निकायले तोकेको न्यूनतम सर्त, योग्यता- श्रेणी, स्तर निर्धारण, उमेर, प्रतिशत आदि) पुरा गरेको कागजात समेत पेस गर्नु अनिवार्य हुनेछ ।

**कुनै पनि सर्त र कबुलियतनामा गरी आवेदन स्वीकृत गरिने छैन ।**

## छात्रवृत्ति परीक्षा सम्बन्धी अपिल

नेपाल सरकार, शिक्षा मन्त्रालयबाट आवधिक रूपमा सञ्चालन हुँदै आएको एम.बी.बी.एस., बी.डी.एस. लगायतका विषयहरूको छात्रवृत्ति छनौट परीक्षामा उत्तीर्ण गराइदिने, अध्ययनको अवसर प्रदान गर्ने-गराइदिने लगायतका भ्रामक र झुट्टा आश्वासन दिई सर्वसाधारण,परीक्षार्थी एवम् अभिभावकहरूबाट आर्थिक लेनदेन गर्ने-गराउने कार्य गर्न आफूलाई मन्त्रालय सम्बद्ध बताउने वा मन्त्रालयका पदाधिकारिहरूसँग निकट सम्बन्ध रहेको भनी केही व्यक्ति तथा संस्थाहरू भ्रामक अफवाह फैलाउन सक्रिय रहेको सुनिन आएको हुँदा त्यस्ता गलत तत्वहरूबाट प्रचारित भ्रामक र झुट्टा आश्वासनमा विश्वास नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । साथै शिक्षा मन्त्रालय सदाझैं निष्पक्ष र मर्यादित रूपमा परीक्षा सञ्चालन गर्न प्रतिबद्ध रहेको हुँदा परीक्षाको तयारीलाई निरन्तरता दिइरहनु हुन सम्पूर्ण परीक्षार्थीहरूलाई आग्रह गरिन्छ ।

\- **शिक्षा मन्त्रालय**

# सम्बन्धित व्यक्ति बसोबास गरेको स्थानीय निकायको लेटर हेडमा तपशिल अनुसारको ब्यहोरा उल्लेख भएको छुट्टा छुट्टै सिफारिस पत्र

**आर्थिक वा सामाजिक रूपमा विपन्नताको सिफारिस ढाँचा**

(२०७१ असोज २८ गते भन्दा पछिको मितिको हुनुपर्ने)

श्री शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौं।

**विषयः विपन्नको सिफारिस गरिएको ।**

उपरोक्त सम्बन्धमा श्री ..........................को नाति/नातिनी श्री .................................को छोरा/छोरी ................. जिल्ला ..................................... गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा.............वडा बस्ने वर्ष..... को श्री/सुश्री/श्रीमती ............................................ मिति ............. देखि...................... सम्म ............................... सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन्। निज .................................... कारणले विपन्न भएको देखिँदा निजलाई विपन्न व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनुहुन सिफारिस गरिएको छ ।
माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

सिफारिस गर्नेको,-
नामथरः
पदः
सहीः कार्यालयः
मितिः कार्यालयको छापः

**दुर्गम क्षेत्र सम्बन्धी सिफारिसको ढाँचा**

(२०७१ असोज २८ गते भन्दा पछिको मितिको हुनुपर्ने )

श्री शिक्षा मन्त्रालय
केशरमहल, काठमाडौं।

**विषयः- दुर्गम क्षेत्र समूहमा आवेदनका लागि सिफारिस गरिएको ।**

उपरोक्त सम्बन्धमा श्री ..................................... को नाति/नातिनी श्री ............................... को छोरा/छोरी ...................... जिल्ला ....... ... ............... गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा.............वडा बस्ने वर्ष..... को श्री/सुश्री/श्रीमती ...................................................................... को हालसम्म सोही स्थानमा बसोबास रहेको हुँदा दुर्गम क्षेत्रका लागि सुरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुनपाउने व्यवस्था गरिदिनुहुन सिफारिस गरिएको छ।
माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

सिफारिस गर्नेको,-
नामथरः
पदः
सहीः कार्यालयः
मितिः कार्यालयको छापः

# जनजाति सूची

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | किसान | २. | कुमाल | ३. | कुशवाडिया | ४. | कुसुण्डा |
| ५. | गन्गाई | ६. | गुरुङ | ७. | चेपाङ | ८. | छन्त्याल |
| ९. | छैरोतन | १०. | जिरेल | ११. | झांगड | १२. | डोल्पो |
| १३. | ताङ्वे | १४. | ताजपुरीया | १५. | तामाङ | १६. | तिनगाउँले थकाली |
| १७. | तोक्पेगोला | १८. | थकाली | १९. | थामी | २०. | थारु |
| २१. | थुदाम | २२. | दनुवार | २३. | दराई | २४. | दुरा |
| २५. | धानुक (राजबंशी) | २६. | धिमाल | २७. | नेवार | २८. | पहरी |
| २९. | फ्रि | ३०. | वनकरिया | ३१. | वरामी | ३२. | वाहगाउँले |
| ३३. | वोटे | ३४. | भुजेल | ३५. | भोटे | ३६. | मगर |
| ३७. | माझी | ३८. | मार्फाली थकाली | ३९. | मुगाली | ४०. | मेचे(बोडे) |
| ४१. | याक्खा | ४२. | राई | ४३. | राउटे | ४४. | राजवंशी(कोच) |
| ४५. | राजी | ४६. | लार्के | ४७. | लिम्बु | ४८. | लेप्चा |
| ४९. | ल्होपा | ५०. | ल्होमी (शिङ्सावा) | ५१. | वालुङ | ५२. | ब्याँसी |
| ५३. | शेर्पा | ५४. | सतार (सन्थाल) | ५५. | सियार | ५६. | सुनुवार |
| ५७. | सुरेल | ५८. | हायू | ५९. | ह्योल्मो | | |

# दलित जातीय सूची

**क) पहाडे मूल**

१. गन्धर्व (गाइने)  २. परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, ढोली, हुड्के)

३. बादी  ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनँरा, पार्की, टमटा)

५. मिजार - (सार्की, चर्मकार, भूल)  ६. पोडे (देउला, पूजारी, जलारी)  ७. च्यामे (कुचीकार, च्याम्खल)

**(ख) मधेशी मूल**

८. कलर  ९. ककैहिया  १०. कोरी  ११. खटिक  १२. खत्वे (मण्डल खङ्ग)  १३. चमार (राम, मोची, हरिजन रविदास)

१४ चिडिमार  १५. डोम (मरिक)  १६. तत्मा (ताँती, दास)  १७. दुसाध (पासवान हजरा)  १८. धोवी (रजक हिन्दु)

१९. पासी  २०. बाँतर  २१. मुसहर  २२. मेस्तर (हलखोर)  २३. सरभङ्ग (सरवरिया)  २४. नट्वा

२५ ढाँडी  २६. धरिकर/ धन्कार

**१. गन्धर्व जातिका थरहरु**

१. गाइने २. गान्धारी ३. गायक ४. बैगार ५. गायन ६. कालोपौडेल ७. जोगी ८.कालाकौसी ९. सूर १०.तुर्की ११. बोगरी १२. भूषाल  १३. कालिचन १४.सुरसमान १५. मेघनाथ १६. भाट १७.रसाइली १८.कालाशाह

**२. परियार जातिका थरहरु**

१. सुनामर२. नगवान३. ब्रम्हदास ४. बर्देवा ५. रनम्याली ६. रनपहेली७. कालाथोकी ८. छिनाल ९. जनैदार १०. वर्मदास ११. सेवा १२. दर्नाल१३. गौरवाग १४. तिल्क्यानी १५. तिखत्री १६. रुकमेली १७. भेरीकार १८. कालीदास १९. घतानी २०. हेनमाङ २१. सुनदास २२. गोरखनाथ २३. रैका २४. वागदास २५. गुईदेल २६. जैरु २७. बैज २८. बैजाकोटी २९. रामजाली ३०. नेपाली ३१. टेलर ३२. मास्टर ३३. सुकुरयाल ३४. कोटान्जली३५. कालाखाती ३६. पाचकोटी ३७. देउकाडी ३८. नागरी ३९. आउजी ४०. सिलाल ४१. गजमेयर ४२. बागचन्द ४३. नगवाग ४४. दर्जी ४५. सुपयाल ४६. भित्रकोटी ४७. मित्रकोटी ४८. सिवा ४९. भेटेसिवा ५०. सेन ५१. सिलाधर५२. विटालु ५३. कोखरे-कुखरे सिवा ५४. कटवाल ५५. नैबाग ५६. रनपौली५७. मुडले ५८. बुडाप्रीथी ५९. सुनचेउरी ६०. साहिसमुन्द्र ६१. देवल६२. फुडके ६३. रजवर ६४. सुकुटयाल ६५. नकबाध ६६. काखरे ६७. छिनाल ६८. मुडलेकार्की ६९. गौरी ७०. बाग ७१. त्रिखत्री ७२. घतानी ७३. सुकुवाट्याल ७४. कोटानजारी ७५. कालाखानी ७६. सुन्दास ७७. साइतपाच ७८. चित्रकार ७९. सिल्पकार ८०. बैकपी ८२. श्रमिक ८३. रणपहेली ८४. ठटाल८५. हंसमुखे ८६. श्री ८७. खाती ८८. चण्डुचार ८९. दनोल ९०. नगर्ची९१. ढ्याकी ९२. कढैवरी ९३. रचना ९४. दकास ९५. मोत ९६. दास ९७. लाखे९८. रनवेहली ९९. चाहार १००. चुडाल १०१. बाग्धास १०२. रजवास १०३. लाप्रे १०४. नेगी १०५. माले १०६. कनाल १०७. करुवाल १०८. माल्बोक१०९. पट्टेली ११०. वास्ताकोटी १११. राजगाइ ११२. घलेख ११३. हुड्के११४. र्याइझ्यार११५. याग्ने ११६. सुँगुरे ११७. कार्कीडोली ११८. स्यावा ११९. बैजनाथ १२०. मौले पाँचकुरी १२१. सुतार १२२. मिस्त्रीकोटी१२३. डैणे १२४. कोटाजरी १२५. सिलाजोशी १२६. रैकाआउजी १२७. धगाले१२८. रैकाई १२९. िसं १३०. देउगाडी १३१. आवीखोली १३२. साउके १३३. नागरी १३४. पाल्पाली १३५. सुन्दार १३६. गोठामे १३७. हुणे १३८. शाही १३९. रत्न

**३. विश्वकर्मा जातिका थरहरुः**

१. आग्री २. आचार्य ३. आफलधोती४. ओड ५. कसरा ६. लोहार ७. कालीकोटे८. कालीराज ९. कुमार्की १०. कैनी ११. कोली १२. कोइराला १३. खड्काथोकी १४. खपाङ्गी१५. खाती१६. गजमेर१७. गजुरेल १८. गदाइली१९. गदाल २०.गहतराज २१. गिरी २२. गोतामे २३. गावा २४. घताने २५. धमाल २६. घर्ती २७. घिमिरे २८. घामछत्ल २९. चुनार ३०. छिस्तल ३१. जाँडकामी ३२. टमटा ३३. ठगन्ना ३४. ठटरा ३५. नगरकोटी ३६. निरौला ३७. नेपाल३८. पन्थी ४०. पल्लय ४१. पहरी ४२. पाध्यवती ४३. पार्की ४४. पोखरेल ४५. पोर्तेल ४६. पौडेल ४७. पौडेली ४८. बराईली बराल वराली ४९. वुचेभाले ५०. बाँस्कोटा ५१. श्रीपाली ५२. दियाली ५३. दुधराज ५४. भट्ट ५५. भट्टराई ५६. भुसाल ५७. भुल ५८. माहिलीपार ५९. महर ६०. रसाइली ६१. रहपाल ६२. राजीलौहार ६३. सापकोटा ६४. सुन्च्युरी ६५. सुनधुवा ६६. सिगाउरे ६७. सिजापती ६८. सेतीपार ६९. सेतीसुरुवाल७०.सेतीमहर ७१.रामदाम ७२. रिजाल ७३. ल्वागुन ७४. साशंकर सदाशंकर ७५. शेरेला ७६. सोनाम ७७. हेमच्यूरी ७८. तिरुवा ७९. लाम्गादे ८०. सोव ८१. रुचाल८२. हर्मेल ८३. दर्नाल ८४. बुढाथोकी ८५. लुहार ८६. दुलाल

**४. वादी जातिका थरहरु**

१. दास २. राना ३. वादी ४. भाँड ५. हुँड्के धिताल ६. लेकाली ७. पहाडी८. कश्यप ९. चन्द १०. छिलेल ११. जोगी राजयोग १२. छिलाल १३. शिह १४. वैश्य १५. नगर्ची १६. खाती १७. छिन्वयाल १८. वसेल १९. गौतम २०. नेपाल २१. लेकाली २२. मगर २३. व्ाध्यकार २४. बाठा २५. नेपाली २६. छिनाल २७. वाहय २८. कालीयान २९. बैकार ३०. पौडेल ३१. दुमार्की ३२.पोखरेल ३३. सिमाल ३४. जुम्लेली ३५. हरिथंगा ३६. केसरी ३७. खनौटे ३८. बोरेसाहाँ

**५.मिजारजातिका थरहरु**

मिजार - (सार्की, चर्मकार, भूल)

१. बस्याल २. नेपाली ३. रुचाल ४. बाह्रघरे ५. बम्रेल ६. छन्तेल ७. बसेल ८. नगरकोटी ९. धौलाकोटी १०. बङरेल ११. रामजाली १२. क्षेत्रेल१३. बयालकोटी १४. सत्याल १५. ढराई १६. देउला १७. कालो १८. सेतो १९. हिताङ २०. पहाडी २१. मजरकोटी २२. विसुङखे २३. टोटलाङ्गी २४. तोसाली२५. क्षेत्रयाल २६. बंग्रेल २७. बंजाडे २८. सामत २९. मिजार ३०. चर्मकार ३१. भूल ३२. मयार ३३. सेठी ३४. सेही ३५. विसंके ३६. रुचाल३७. एस।sे ३८. सि।sे ३९. रम्तेल ४०. मग्राती ४१. भियाल ४२. बैलकोटी ४३.रोका ४४. बौडेल ४५. ठडोर ४६. अच्छामी ४७. दुलाल ४८. तोलाङ्गे ४९. पुरकोटी५०. कोल्हाल ५१. गौरीपाल ५२. परली ५३. पिपलबोटे ५४. कुल्चीयार ५५. संग्राम ५६. रोक्का ५७. मुंदेल ५८. श्रीवास्तव ५९. खरिबोटे ६०. मोटे६१. तोलाङ्गीसुयल ६२. खिलुङ्गे ६३. पुलामी ६४. रोइलाहिताङ ६५. सेजवाल ६६. संयल ६७. दाउलाकोरी ६८. चुडाल ६९. मूहल ७१. लमजेल ७२.मजावरी ७३. घिताङ्ग ७४. श्रीपाली ७५. सिरौते ७६. पाएली ७७. भिपाल ७८. थाक ७९. दावे ८०. मिजार ८२. बलकोटी ८३. तोलाङ्गे ८४. धुरमग्राती ८५. कालामग्राती ८६. काला ८७. उपरकोटी ८८. तोलाङ्गी ८९. पर्कोटी ९०. विमुन्खे ९१. रैकाल ९२. रोकापा ९३. गैरी ९४. श्रीमाल ९५. रोक्काशाही ९६. सुराना ९७. महरा

**मिजारजातिका गैर दलितसंग मिल्ने थरहरु**

गोतामे, हमाल, नेपाल, राठौर, रिमाल, िसंह, खड्की, गौतम, बुढाथोकी, सापकोटा, न्यौपाने, पौडेल, बोहरा, आचार्य, थपलिया, अधिकारी, पोखरेल, खतिवडा, उप्रेती, गिरी, दाहाल, चन्द, लम्साल, कोइराला, मगर, ठगुन्ना ।

**कलर जातिका थरहरु**

सरवरिया, विकाउ

**ककैहिया जातिका थरहरु**

राय

**कोरी जातिका थरहरु**

कुरील, गौतम, भारती

**खटिक जातिका थरहरु**

कोली, सोनकर

**खत्वे जातिका थरहरु** (मडंल, खङग)

शर्मा, धानुक, बेल्दार, मण्डल

**<u>चमार जातीका थरहरु</u>** (राम, मोची, हरीजन, रविदास)
रैदास, महरा

**<u>चिडियामार जातिका थरहरु</u>**
सरनेरीया, सरनरिया, करौरीया, यादव, नट, बखु

**<u>डोम जातिका थरहरु</u>**
मल्लीक, मल्लि, महिल, गुसराम

**<u>तत्मा जातिका थरहरु</u>** ( ताँती, दास)
मण्डल, महरा, पात, बनौजिया

**<u>दुसाध जातिका थरहरु</u>** (पासवान, हजारा)
दुसाद, हजारी, पासमान

**<u>धोवी जातिका थरहरु</u>** (रजक, हिन्दु)
पथिक, कनौजिया, आर्या, पत्थरकट्टा, मगता, माहुत, कुशवडिया, मंगी, वाल्मीकि, शाकी, रमन, धावी, साफी, वैठ्ठा, निर्मलकार, रत्ना, बेठा, मेहता, मधैया, आर्य, मधेसीया, दास, राजधोव, कनेजीया, धोवी, रमण, राउत, माझी, धवल, सम्धी, एसर

**<u>पासी जातिका थरहरु</u>**
सूर्या, महतो, चौधरी, गौतम, तरसुहिया

**<u>बाँतर जातिका थरहरु</u>**
सरदार, माझी, धोकेवाल, राजवंशी, ढोकेवाज, माइती

**<u>मुसहर जातिका थरहरु</u>**
सदा, ऋषिदेव, हेमराम, भदरी, माझी, तिरुहुतिया, मधैया, ढोलबाजा, कहरिँया, रिखिकुल, तिरासक

**<u>मेस्तर जातिका थरहरु</u>**
राउत, मेहतर, जम्दार, मंगी

**<u>सरभङ्ग जातिका थरहरु</u>** (सरवरीया)
सरभोर, सरभङ्ग, धामी, बाँतर, नट